काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २३५ ❐ आइतवार, २४ जेठ, २०८३ ❐ Sunday, 7 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

सुर्खेत विमानस्थल विस्तारको सपना कि नागरिकमाथिको अनिश्चितताको भार ?



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २३ जेठ

विमानस्थल कर्णाली प्रदेशको हवाई यातायातको मुख्य प्रवेशद्वार हो । प्रदेशको आर्थिक, सामाजिक तथा पर्यटन विकाससँग प्रत्यक्ष जोडिएको यो विमानस्थल विस्तारको बहस भने वर्षौंदेखि राजनीतिक भाषण, नीति तथा कार्यक्रम र बजेटका पानामै सीमित छ । हरेक वर्ष सरकार परिवर्तन हुन्छ, बजेट आउँछ, नीति तथा कार्यक्रम सार्वजनिक हुन्छन् र सुर्खेत विमानस्थल विस्तारको विषय पुनः दोहोरिन्छ । तर व्यवहारमा कुनै ठोस प्रगति नहुँदा यो योजना अहिले विकासको आशाभन्दा बढी अन्योलताको प्रतीक बनेको छ ।

संघीयता लागू भएपछि विशेषगरी २०७७ सालयता संघीय र प्रदेश सरकारका नीति तथा कार्यक्रमहरूमा सुर्खेत विमानस्थल विस्तारलाई प्राथमिकताका साथ समावेश गरिँदै आएको छ। धावनमार्ग विस्तार गरी ठूला जहाज सञ्चालन गर्ने, रात्रिकालीन उडान सम्भव बनाउने तथा कर्णालीलाई देशको मुख्य हवाई सञ्जालसँग प्रभावकारी रूपमा जोड्ने उद्देश्य राखिएको छ । तर यति धेरै चर्चा र प्रतिबद्धताका बाबजुद विस्तारको योजना अझै कागजमै सीमित छ ।

सरकारले विमानस्थल विस्तारको कुरा दोहोर्याइरहँदा यसको प्रत्यक्ष असर भने प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले भोगिरहेका छन् । वीरेन्द्रनगरका वडा नम्बर १०, ११, १२ र १३ का नागरिक वर्षौंदेखि अनिश्चितताको अवस्थामा बाँचिरहेका छन् । विस्तार हुने हो कि नहुने भन्ने स्पष्टता नहुँदा उनीहरूको घरजग्गा प्रभावकारी रूपमा प्रयोग हुन सकेको छैन । कतिपयले नयाँ घर बनाउन सकेका छैनन् भने कतिपयको जग्गा किनबेच नै रोकिएको छ । बैंक तथा वित्तीय संस्थाले पनि यस्ता क्षेत्रका जग्गालाई धितोका रूपमा सहज रूपमा स्वीकार नगर्दा आर्थिक गतिविधि प्रभावित बनेको छ ।

स्थानीयवासीहरूको गुनासो स्पष्ट छ, यदि विमानस्थल विस्तार गर्ने हो भने सरकारले तत्काल उचित मुआब्जा निर्धारण गरेर प्रक्रिया अघि बढाओस्, नत्र वर्षौंनि नागरिकलाई उठिवासको त्रासमा राख्ने काम बन्द गरोस् । विकासको नाममा अनिश्चितता सिर्जना गर्नु राज्यको दायित्व होइन । विकास योजनाले नागरिकलाई आशा दिनुपर्छ, डर र अन्योलता होइन ।

वास्तवमा सुर्खेत विमानस्थल विस्तारको इतिहास हेर्दा पनि योजना कार्यान्वयनभन्दा बढी राजनीतिक बहसको विषय बनेको देखिन्छ । २०७७ सालमा प्रदेश र संघीय सरकारबीच समझदारीपत्रमा हस्ताक्षर भयो । त्यसबेला विमानस्थल विस्तारका लागि एक अर्ब रुपैयाँभन्दा बढी बजेट समेत विनियोजन गरिएको थियो । तर कार्यान्वयन प्रक्रिया अघि बढ्न सकेन र बजेट फ्रिज भयो । त्यसपछि पनि विभिन्न आर्थिक वर्षमा बजेट छुट्याइयो, तर स्थानीयसँग पर्याप्त संवाद नगरी जग्गा रोक्का गर्ने प्रयास भएपछि बाँकी पृष्ठ २

> *विमानस्थल विस्तार हुने भनिएको वीरेन्द्रनगरका विभिन्न वडाका बासिन्दाले घर निर्माण, जग्गा किनबेच तथा बैंकबाट ऋण लिन समेत समस्या भोगिरहेका छन् । स्थानीयले विस्तार गर्ने भए उचित मुआब्जासहित तत्काल काम अघि बढाउन, नत्र वर्षौंदेखिको अन्योल अन्त्य गर्न सरकारसँग माग गरेका छन् ।*

युु-१९ राष्ट्रिय महिला क्रिकेट

सनाको छाँयामा टीका र प्रिन्साको अर्धशतक



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २३ जेठ

सुर्खेतको वीरेन्द्रनगरमा जारी १९ वर्षमुनीका महिला टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिता अर्न्तगत शनिबार कोशी प्रदेशका टीका शाह र प्रिन्सा रानामगरको अर्धशतकीय पारी मधेशकी सना परविनले छाँयामा पारिदिएकी छन् ।

प्रतियोगिताको आफ्नो पहिलो खेल खेल्न कालुङचोक मैदानमा उत्रिएको मधेशको पहिलो जीतमा सना एक्लै हावी हुँदा कोशीको पहिलो हारसंगै टीका र प्रिन्साको अर्धशतकसमेत ओझेलमा पऱ्यो ।

१६ ओभरको तेश्रो बलमा खेल जित्न जम्मा २ रन चाहिएको अवस्थामा व्यक्तिगत ४८ रनमा खेलिरहेकी सनाले सातौ चौका प्रहार गर्दै फिनिसरका रुपमा अर्धशतकीय पारीसंगै खेल समापन गरिन ।

उमेर समूहको राष्ट्रिय टोलीबाट खेल्दा अनुभव अनुसारनै खेल्दै आएकी सनाले नटआउट १०६ को स्टाइक रेटमा ४९ बलमा ५२ रनको उत्कृष्ट पारी खेलेपछि क्रिजलाई ढोगेर सम्मान व्यक्त गरिन् ।

अर्को छेउबाट उत्तिकै जिम्मेवारी र संयमतताका साथ सनासंग साझेदारी गरेकी साक्षी यादवले ४६ रनको व्यक्तिगत स्कोरमा खेल्दै गर्दा सिंगल रन लिएर स्टइक रोटेट गरेर सनाका लागि अर्धशतकीय पारी खेल्ने मौका जुराइन् ।

एलिशा यादव ७ र शिवानी साह शून्यमै पवेलिएन फर्किएपछि ओपनर सनासंग साझेदारी गर्न क्रिजमा उत्रिएका साक्षीले १ सय १५ को स्टाइक रेटमा ८ चौकासहित ४० बलमा ४६ रनको योगदान दिइन् । मधेशका दुबै विकेट शुभेक्षा लिम्बुले आफ्नो नाममा बाँकी पृष्ठ २

नेपाल-भारतबीचको सम्बन्ध सुदृढ गर्न तत्पर छौं: परराष्ट्रमन्त्री खनाल

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २३ जेठ

भारत भ्रमणमा रहेका परराष्ट्रमन्त्री शिशिर खनालले नेपाल-भारतबीचको सम्बन्धलाई नयाँ शिराबाट थप विस्तार र सुदृढ गर्न सरकार तत्पर रहेको बताएका छन् ।

भारतीय च्यानल 'एनडीटीभी'सँग शनिबार विशेष संवाद गर्दै उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) स्थापनाको करिब चार वर्षकै अवधिमा जनचाहना र समर्थनबाट सरकारको नेतृत्वमा पुगेको उल्लेख गर्दै दुई देशको बहुआयामिक सम्बन्धलाई थप सुदृढ गर्न सरकार तत्पर रहेको बताए ।

नेपाल र भारतबीच खुला सीमाना भए पनि एकले अर्को देशको सुरक्षा सरोकारलाई आत्मसात् गरेको उल्लेख गर्दै मन्त्री खनालले दुई देशको बहुआयामिक र हार्दिक सम्बन्धलाई अझै विस्तार गर्नुपर्नेमा जोड दिए ।

मौरिससमा भएको कार्यक्रममा आफू र भारतीय समकक्षी एस जयशंकरसँग भएको भेटको सन्दर्भ उल्लेख गर्दै उनले सम्भव भएका सबै क्षेत्रमा सहकार्य गर्नुपर्ने बताए ।

मन्त्री खनालले व्यापार, ऊर्जा, पूर्वाधार, शिक्षा, स्वास्थ्य, प्रविधि र सम्पर्क सञ्जाललगायत क्षेत्रमा नेपालले भारतको सहयोग, लगानी र सहकार्यको अपेक्षा गरेको धारणा राखेका छन् । उनले बङ्गलादेशमा नेपालको विद्युत् निर्यातका लागि भारतको साथ रहने विश्वाससमेत व्यक्त गरे ‘ हामीले विगतका कुरा लिएर आएका छैनौं । विगतमा हामीले दुई ठुला छिमेकी मुलुकबाट विकासको लाभ जति लिन सक्नुपर्दथ्यो, त्यति सकेनौं । अब पारस्परिक लाभ, सकारात्मक भविष्यका लागि कूटनीतिक सम्बन्ध प्रयोग गर्छौं', मन्त्री खनालले भने, 'हामीले अझ राम्रो सहकार्यका क्षेत्र पहिचान गर्दै नेपाली जनताको जीवनयापनलाई सबलीकरणका लागि नयाँ र बहुआयामिक सहकार्य स्थापित गर्नेछौं ।'

रास्वपा सभापति रवि लामिछानेको हालैको भारत भ्रमणका क्रममा भारतीय जनता पार्टी र सरकारबाट भएको भव्य स्वागतले दुई देशबीचको आपसी सम्बन्धलाई नयाँ उचाइमा लिन उत्प्रेरणा मिलेको उनको भनाइ थियो । नेपालमा रेलमार्ग विस्तार, शैक्षिक संस्थाको विकास र प्रविधि विस्तारमा चाँडै ठोस सहकार्यका लागि सहमति हुने मन्त्री खनालको विश्वास थियो ।

पोषणमैत्री स्थानीय शासनका लागि कार्यशाला

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २३ जेठ ।

नेपाल सरकारको ‘ पोषणमैत्री स्थानीय शासन अभियानलाई प्रभावकारी र संस्थागत रूपमा कार्यान्वयन गर्ने उद्देश्यले वीरेन्द्रनगर नगरपालिकामा पालिकास्तरीय बजेट तथा कार्यक्रम निर्माण कार्यशाला गोष्ठी सम्पन्न भएको छ । केयर, आईडीई र सुन्दर नेपाल संस्थाको प्राविधिक तथा आर्थिक सहयोगमा शुक्रबार नगरपालिकाको सभाहलमा आयोजित कार्यशालाको अध्यक्षता वीरेन्द्रनगर नगरपालिकाका नगर प्रमुख मोहनमाया ढकालले गरेकी थिइन । कार्यशालामा बहुक्षेत्रीय पोषण योजनालाई आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटमा समावेश गर्ने विषयमा



सरोकारवालाबीच व्यापक छलफल गरिएको थियो । कार्यक्रममा नगरपालिकाको पोषण प्रोफाइलसम्बन्धी मस्यौदामाथि सहभागीहरूले प्राविधिक तथा व्यावहारिक सुझाव दिएका थिए ।नगरपालिकाको पोषणको वर्तमान अवस्था, देखिएका चुनौती तथा आगामी कार्यदिशाबारे स्वास्थ्य शाखा प्रमुख भूपेन्द्र गिरीले प्रस्तुतीकरण गरेका थिए । उनले पोषण सुधारका लागि स्थानीय तहले खेल्नुपर्ने भूमिकाबारे पनि जानकारी गराएका थिए । आगामी आर्थिक वर्षका लागि बजेट तथा कार्ययोजना निर्माण सत्रको सहजीकरण तपराज जोशीले गरेका थिए । सो क्रममा वीरेन्द्रनगर नगरपालिकाभित्र रहेका १६ वटै स्वास्थ्य संस्थाका प्रमुख तथा प्रतिनिधिहरूले आफ्नो कार्यक्षेत्रमा देखिएका पोषणसम्बन्धी सूचक, समस्या र समाधानका उपायबारे प्रस्तुतीकरण गरेका थिए । कार्यक्रममा सबै वडा अध्यक्ष, पोषण निर्देशक समितिका सदस्य, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधि, स्वास्थ्य संस्थाका प्रमुख तथा प्रतिनिधि र विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यशालाले आगामी दिनमा वीरेन्द्रनगर नगरपालिकालाई पोषणमैत्री स्थानीय शासन घोषणा गर्ने दिशामा आवश्यक नीति, कार्यक्रम र बजेट निर्माणका लागि स्पष्ट मार्गचित्र तय गर्न सहयोग पुगेको आयोजकले जनाएको छ । कार्यक्रमको समापन गर्दै नगर प्रमुख ढकालले अन्तर्क्रियाबाट प्राप्त पोषण सम्बन्धि निष्कर्ष तथा सझावलाई आगामी वर्षको नीति, कार्यक्रम तथा बजेटमा समावेश गर्ने प्रतिवद्धता जनाइन ।

काँक्रेविहार राष्ट्रिय दैनिक दृष्टिकोण

आइतवार, २४ जेठ, २०८३
Sunday, 7 June 2026

सम्पादकीय

घट्दो संक्रमण, चुनौती बाँकी

कर्णाली प्रदेशमा एचआईभी संक्रमणको दर पछिल्ला वर्षहरूमा क्रमशः घट्दै जानु सकारात्मक र उत्साहजनक संकेत हो । आर्थिक वर्ष २०७८/७९ मा ८० जनामा संक्रमण पुष्टि भएकोमा चालु आर्थिक वर्ष २०८२/८३ को वैशाखसम्म आइपुग्दा यो संख्या ३१ मा सीमित हुनु स्वास्थ्य क्षेत्रमा भएका प्रयासहरूको उपलब्धि हो। परीक्षणको दायरा विस्तार हुनु, उपचार सेवामा पहुँच बढ्नु, सचेतनामूलक अभियान सञ्चालन हुनु र विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको सक्रियता यसको प्रमुख कारण मान्न सकिन्छ । प्रदेशभरका विभिन्न अस्पताल तथा एआरटी केन्द्रमार्फत ७७० जना संक्रमितले नियमित उपचार पाइरहेका छन् । यसले एचआईभी संक्रमितहरू स्वास्थ्य सेवाको पहुँचमा आउँदै गएको देखाउँछ। विशेषगरी गर्भवती महिलामा संक्रमण परीक्षण विस्तार हुनु र आमाबाट शिशुमा संक्रमण रोक्ने कार्यक्रमलाई प्राथमिकता दिनु स्वास्थ्य प्रणालीको महत्वपूर्ण उपलब्धि हो । समयमै परीक्षण र उपचारको व्यवस्था हुनुका कारण संक्रमण नियन्त्रणको लक्ष्य प्राप्तिमा सहयोग पुगेको छ ।

तर संक्रमणको दर घट्दै गएको तथ्यले मात्र सन्तुष्ट हुने अवस्था भने छैन । चुनौतीहरू अझै पनि गम्भीर छन् । सबै गर्भवती महिलालाई परीक्षणको दायरामा ल्याउन नसक्नु, उपचार केन्द्रमा आवश्यक परीक्षण किट तथा औषधिको माग र आपूर्तिबीच असन्तुलन रहनु, तथा तथ्यांक व्यवस्थापनमा देखिने कमजोरीले कार्यक्रमको प्रभावकारितामा प्रश्न उठाउँछ । अझ ठूलो चुनौती भनेको संक्रमितप्रति समाजमा विद्यमान लाञ्छना, विभेद र पूर्वाग्रह हो । आज पनि धेरै संक्रमितहरू आफ्नो पहिचान सार्वजनिक गर्न डराउँछन् । कतिपयले रोजगारीका अवसर गुमाउँछन् भने कतिपय सामाजिक बहिष्करणको पीडा भोग्न बाध्य छन् । एचआईभी अब केवल स्वास्थ्यको विषय मात्र होइन, यो सामाजिक न्याय र मानव अधिकारसँग जोडिएको मुद्दा पनि हो । संक्रमितहरूलाई सम्मानजनक जीवन बाँच्ने वातावरण निर्माण गर्न राज्य, समुदाय र नागरिक समाज सबैको समान जिम्मेवारी रहन्छ । कर्णालीका दुर्गम जिल्लाबाट उपचारका लागि सुर्खेत पुग्नुपर्ने बाध्यता पनि अर्को समस्या हो । आर्थिक अवस्था कमजोर भएका संक्रमितका लागि यातायात खर्च जुटाउनु नै कठिन बन्दै गएको छ। यस्ता व्यक्तिहरूलाई उपचारसँगै आर्थिक तथा सामाजिक पुनर्स्थापनाका कार्यक्रम आवश्यक छन्। आयआर्जन, सीप विकास र स्वरोजगारका अवसरसँग जोड्न सके मात्र संक्रमितहरूको जीवनस्तरमा वास्तविक सुधार आउन सक्छ ।

राष्ट्रिय लक्ष्यअनुसार सन् २०३० सम्म एड्स महामारी अन्त्य गर्ने अभियान सञ्चालन भइरहेको छ । यस लक्ष्यमा पुग्न संक्रमण पहिचान, उपचार र भाइरल लोड नियन्त्रणका सूचकहरू पूरा गर्नु मात्र पर्याप्त हुँदैन । समाजमा रहेको डर, भ्रम, विभेद र मौनतालाई पनि अन्त्य गर्नुपर्छ । त्यसका लागि विद्यालयदेखि समुदायसम्म व्यापक सचेतना अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता छ । कर्णालीले संक्रमण दर घटाउने दिशामा उल्लेखनीय प्रगति गरेको छ । तर संक्रमण घट्नु अन्तिम सफलता होइन, यो अझ जिम्मेवार बन्ने अवसर हो । स्वास्थ्य सेवा विस्तारसँगै सामाजिक स्वीकृति, आर्थिक सुरक्षा र सम्मानजनक जीवनको सुनिश्चितता गर्न सके मात्र एचआईभी नियन्त्रणको अभियान सार्थक हुनेछ। कर्णालीको अबको परीक्षा संक्रमण घटाउने मात्र होइन, संक्रमितलाई समाजको मूलधारमा सम्मानपूर्वक स्थापित गर्ने पनि हो ।

लोकतन्त्र, समाजवाद र नेपालको भविष्य



✍ डा. शोभाकर पराजुली

नेपालको संविधान (२०७२) ले देशलाई लोकतान्त्रिक मूल्य-मान्यतामा आधारित समाजवाद उन्मुख राज्यका रूपमा परिभाषित गरेको छ । संविधानको प्रस्तावनामै कोरिएको यो वाक्यांश केवल कानुनी शब्दजाल वा राजनीतिक सङ्कलन मात्र होइन; यसले नेपालको भावी राजनीतिक, आर्थिक र सामाजिक यात्राको ऐतिहासिक दिशा सङ्केत गर्छ । तर विडम्बना के छ भने, संविधान जारी भएको दशक पुग्न लाग्दा पनि 'समाजवाद उन्मुख' राज्यको लक्ष्य तय गरेअनुरूप यसको वास्तविक अर्थ, स्वरूप र कार्यान्वयनको मोडेलबारे अझै स्पष्ट राष्ट्रिय सहमति बन्न सकेको छैन ।

राजनीतिक दलहरूले चुनावी घोषणापत्रदेखि संसद्का रोस्ट्रम र सार्वजनिक भाषणसम्म समाजवादको नारा निरन्तर दोहोऱ्याइरहेका छन् । तर, आम नागरिकको दैनिक जीवनमा त्यसको अनुभूति भने अत्यन्त कमजोर, बरु उल्टो महँगो र कष्टकर बन्दै गएको छ । यसैकारण आज नेपाली समाजमा एउटा गम्भीर र पेचिलो प्रश्न उठ्न थालेको छ- नेपालले खोजिरहेको समाजवाद वास्तवमा कस्तो हो? लोकतान्त्रिक समाजवाद कि समाजवादी लोकतन्त्र? वा हामी केवल शब्दको बहकाउमा छौं, तर त्यसको वैचारिक गहिराइ र व्यावहारिक अर्थ बुझ्न पूर्णतः असफल भइरहेका छौं?

विश्व राजनीति र राजनीतिक दर्शनको इतिहासलाई हेर्ने हो भने 'लोकतान्त्रिक समाजवाद' र 'समाजवादी लोकतन्त्र' दुई फरक र कतिपय अवस्थामा विपरीत धारका अवधारणा हुन् । यी दुवै शब्द सुन्दा उस्तै र परिपूरक लागे पनि राज्यको चरित्र, नागरिक स्वतन्त्रता, अर्थतन्त्रको स्वामित्व र राजनीतिक शक्तिको वितरणलाई हेर्ने दृष्टिकोणमा यिनीहरूबिच निकै गहिरो अन्तर छ ।

लोकतान्त्रिक समाजवादले लोकतन्त्रलाई सङ्कुचित होइन, मूल आधार मान्छ । यस दर्शनले नागरिक स्वतन्त्रता, बहुदलीय प्रतिस्पर्धा, विचार र अभिव्यक्तिको अधिकार, स्वतन्त्र प्रेस, स्वतन्त्र न्यायपालिका र विधिको शासनलाई कुनै पनि परिस्थितिमा, कुनै पनि बहानामा कमजोर पार्न नहुने अकाट्य विश्वास राख्छ । तर, यही उदार लोकतान्त्रिक संरचनाभित्र रहेर आर्थिक असमानता घटाउने, सामाजिक न्याय कायम गर्ने र राज्यलाई नागरिकको आधारभूत आवश्यकताप्रति उत्तरदायी बनाउने यसको मुख्य लक्ष्य रहन्छ ।

यस अवधारणाको मूल दर्शन के हो भने, राजनीतिक स्वतन्त्रताविनाको आर्थिक समानता अन्ततः अधिनायकवादमा परिणत हुन्छ, र आर्थिक न्यायविनाको राजनीतिक स्वतन्त्रता केवल सम्पन्न वर्गको विशेषाधिकार बनेर सीमित हुन्छ । त्यसैले लोकतान्त्रिक समाजवादले राजनीतिक स्वतन्त्रता र सामाजिक न्यायलाई परस्पर विरोधी होइन, परस्पर पूरक तत्त्वका रूपमा अङ्गीकार गर्छ । यसैकारण यस अवधारणाले निजी क्षेत्रलाई पूर्ण रूपमा निषेध गर्दैन । बजार अर्थतन्त्र, निजी लगानी र उद्यमशीलतालाई स्वीकार गरिन्छ, तर राज्यले नियमन, सामाजिक उत्तरदायित्व र न्यायोचित पुनर्वितरणमार्फत असमानता नियन्त्रण गर्नुपर्छ भन्ने मान्यता राखिन्छ ।

यसको विपरीत, समाजवादी लोकतन्त्रको अवधारणा मुख्यतः राज्य-केन्द्रित वा परम्परागत वामपन्थी समाजवादी संरचनासँग जोडिन्छ । यहाँ समाजवाद नै अन्तिम र निरपेक्ष लक्ष्य हो, र लोकतन्त्र वा राजनीतिक व्यवस्था त्यसलाई टिकाउने वा त्यसतर्फ लैजाने एउटा प्राविधिक माध्यम मात्र बन्न पुग्छ । यस प्रणालीमा राज्य र सत्ताधारी पार्टीको संरचना सर्वशक्तिमान हुन्छ । उत्पादनका साधन, ठुला उद्योग, प्राकृतिक स्रोत र समग्र आर्थिक संरचनामाथि राज्यको प्रत्यक्ष नियन्त्रण वा स्वामित्वलाई अनिवार्य ठानिन्छ । यस्तो व्यवस्थामा बहुदलीय प्रतिस्पर्धा सीमित वा अनुपस्थित हुन सक्छ, किनभने यस अवधारणाका समर्थकहरू उदार वा पश्चिमा लोकतन्त्रलाई 'धनी वर्गको लोकतन्त्र' मान्छन् । उनीहरूको तर्क के हुन्छ भने बहुदलीय व्यवस्था र खुला बजार अन्ततः सीमित सम्पन्न समूहको हितमा केन्द्रित हुन्छ, जहाँ गरिब नागरिकले मतदान त गर्न पाउँछ, तर आफ्नो आर्थिक र वर्गीय अवस्था परिवर्तन गर्न सक्दैन ।

अन्तर्राष्ट्रिय अनुभव र भू-राजनीतिको छायाँ

पूर्वसोभियत सङ्घ, क्युबा र विशेषगरी छिमेकी मुलुक चीनका राजनीतिक र आर्थिक अनुभवहरू समाजवादी लोकतन्त्रको बहसमा जोडिएर आउने गर्छन् । चीनले 'चिनियाँ विशेषतासहितको समाजवाद' मार्फत पछिल्ला दशकहरूमा जुन तीव्र आर्थिक विकास हासिल गरेको छ, त्यो विश्व इतिहासमै अद्वितीय छ । करोडौँ मानिसलाई गरिबीको रेखाबाट माथि उठाउने, विश्वस्तरीय भौतिक पूर्वाधार निर्माण गर्ने र संसारको दोस्रो ठुलो आर्थिक महाशक्ति बन्ने यात्रामा चीनको सफलता निसन्देह उल्लेखनीय छ । त्यहाँको बलियो राज्य संरचनाले दीर्घकालीन योजना बनाउने र ती योजनालाई दृढतापूर्वक लागु गर्ने अभूतपूर्व क्षमता प्रदर्शन गरेको छ । तर, यस मोडेलको अर्को पाटो पनि उत्तिकै विचारणीय छ । त्यहाँ राजनीतिक स्वतन्त्रता, प्रेस स्वतन्त्रता, खुला असहमति प्रकट गर्ने अधिकार र बहुदलीय प्रतिस्पर्धाको दायरा अत्यन्त सीमित छ । यही कारण चीनको मोडेल आर्थिक उपलब्धिका लागि संसारभर प्रशंसित भए पनि मानवअधिकार र नागरिक स्वतन्त्रताको विश्वव्यापी प्रश्नमा निरन्तर आलोचित हुँदै आएको छ ।

नेपालको सन्दर्भमा यी दुई अवधारणाबिचको बहस केवल प्राज्ञिक विमर्श मात्र होइन, यो अत्यन्त संवेदनशील र महत्त्वपूर्ण छ । किनभने नेपाल केवल एउटा भूगोल वा राजनीतिक संरचना होइन; यो अत्यधिक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र बहुविचारयुक्त विविधताले भरिएको समाज हो । यस्तो जीवन्त र विविधतायुक्त समाजमा राजनीतिक स्वतन्त्रता सीमित गर्ने वा कुनै एक प्रकारको वैचारिक एकरूपता जबर्जस्ती थोपर्ने प्रयास गरियो भने, त्यसले स्थायित्वभन्दा बढी भयानक सामाजिक असन्तोष र विद्रोह जन्माउन सक्छ । नेपाली जनताले २००७ सालको प्रजातान्त्रिक आन्दोलनदेखि २०४६ को जनआन्दोलन, ०६२/०६३ को ऐतिहासिक जनआन्दोलन, सशस्त्र द्वन्द्वको शान्तिपूर्ण अवतरण र गणतन्त्र स्थापनासम्म बारम्बार लोकतन्त्र, नागरिक अधिकार र अभिव्यक्ति स्वतन्त्रताका लागि कठोर सङ्घर्ष गरेका छन् । हजारौँ वीर सपुतहरूले जेल, यातना, निर्वासन र बलिदान बेहोरेका छन् । त्यसैले, केवल आर्थिक विकास वा समृद्धिको मोहजाल देखाएर नागरिकको राजनीतिक र व्यक्तिगत स्वतन्त्रता खुम्च्याउने कुनै पनि राजनीतिक वा आर्थिक मोडेल नेपाली समाज र माटोका लागि सहज स्वीकार्य हुने सम्भावना छँदै छैन ।

विचार र व्यवहारबिचको खाडल

तर, आजको नेपालको वस्तुगत यथार्थलाई निर्मम भएर हेर्ने हो भने विचार र व्यवहारबिच एउटा ठुलो र भयावह खाडल देखिन्छ । संविधानले 'समाजवाद उन्मुख' राज्य त भन्यो, तर व्यवहारमा दलाल पुँजीवाद र आसेपासे अर्थतन्त्रले देशको अर्थतन्त्रलाई गाँजेको छ । राज्यका नीति, नियम र निर्णयहरू आम सोझा र सर्वसाधारण नागरिकको हितभन्दा सीमित राजनीतिक-व्यापारिक सिन्डिकेट र बिचौलिया समूहको स्वार्थ रक्षा गर्न केन्द्रित भइरहेको आरोप चौतर्फी लागिरहेको छ । यसका केही प्रत्यक्ष र टड्कारो उदाहरणहरू हाम्रै सामु छन्ः

कृषि क्षेत्रको उपेक्षाः मुलुक कृषिप्रधान भनिन्छ, तर किसानले खेती गर्ने मुख्य समयमा कहिल्यै मल र बिउ पाउँदैनन् । अनेक कष्ट गरेर उब्जाएको वस्तुको उचित मूल्य नपाएर किसान सडकमा तरकारी र दुध फाल्न बाध्य छन् ।

युवा श्रमको पलायनः देशभित्र रोजगारी र अवसरको खडेरी परेपछि प्रतिदिन हजारौँको सङ्ख्यामा ऊर्जावान् युवा जनशक्ति खाडी र मलेसियाका मरुभूमिमा आफ्नो रगत-पसिना बगाउन र कतिपय अवस्थामा बाकसमा फर्किन विवश छन् । शिक्षा र स्वास्थ्यको व्यापारीकरणः सरकारी वा सार्वजनिक विद्यालय र अस्पतालको अवस्था दिनप्रतिदिन खस्कँदो छ । शिक्षा र स्वास्थ्यजस्ता आधारभूत क्षेत्रहरू पहुँचवाला र धनीका लागि मात्र सुलभ र गुणस्तरीय बन्दै गएका छन् । आजको नेपाली राजनीतिमा एउटा खतरनाक र भ्रामक प्रवृत्ति मौलाएको छ– समाजवादलाई केवल चुनावी नारामा सीमित गर्ने र लोकतन्त्रलाई मात्र आवधिक निर्वाचन वा मतपेटिकासम्म खुम्च्याउने । चुनावका बेला जनतासामु समाजवाद, सुशासन, सामाजिक सुरक्षा र समृद्धिका ठुला-ठुला आकाशे कुरा गरिन्छ, तर सत्ता प्राप्त गरेलगत्तै राज्य संयन्त्रलाई दलीय भागबन्डा, संरक्षणवाद र व्यक्तिगत वा गुटगत स्वार्थपूर्तिको माध्यम बनाइन्छ ।

एसइई पूरक परीक्षाको नतिजा दुई सातामित्र प्रकाशन गरिने

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २३ जेठ

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) ले माध्यमिक शिक्षा परीक्षा (एसइई) को पूरक (ग्रेडवृद्धि) परीक्षा सम्पन्न भएको दुई सातामित्र नतिजा प्रकाशन गर्ने गरी तयारी गरेको छ ।

आगामी असार १ देखि ९ गतेसम्म पूरक परीक्षा हुँदैछ । यसअघि, एसइई-२०८२ को परीक्षाफल एक महिनामा प्रकाशन गरिएको थियो ।

परीक्षा नियन्त्रक टुकराज अधिकारीले आगामी असार २५ गतेभित्र पूरक परीक्षाको परीक्षाफल प्रकाशन गरिने बताए । एसइईमा एक लाख ४६ हजार ५०७ विद्यार्थी 'ननग्रेडेड' भएकामा पूरक परीक्षामा कतिले सहभागिता जनाउँछन् भन्ने यकिन तथ्यांक प्राप्त भइनसकेको उनले बताए ।

'ग्रेड सि'भन्दा कम प्राप्त गरेका विद्यार्थी पूरक परीक्षामा सहभागी हुनेछन् ।

यु-१९...

लेखायन् ।

यसअघि टस जितेर पहिला ब्याटिङ गरेको कोशीले निर्धारित २० ओभरमा तीन विकेट गुमाएर १ सय २२ रन बनाएको थियो ।

ओपनिङ गर्न आएकी पूर्णिमा राजवंशी खाता नखोलेर फर्किएपछि उनीसँगै ओपनिङमा आएकी टीका शाहले ५१ रन जोडिन् भने तेश्रो क्रममा व्याटिङमा आएकी प्रिन्सा राना मगरले नटआउट ५५ रन जोड्दै उत्कृष्ट साझेदारी गरिन् ।

अविजित प्रिन्साले ६८ बलमा ९ चौकासहित प्रतियोगिताको पहिलो अर्धशतकीय पारीको रेकर्ड बनाउँदा टीकाले भने ३६ बलमा ११ चौकासहित दोश्रो अर्धशतक पूरा गरिन् ।

वीरेन्द्रनगर रंगशालामा भएको चौथो खेलमा लुम्बिनी गण्डकीसंग पाँच विकेटले स्तब्ध भयो । टस जितेर गण्डकीविरुद्ध पहिला ब्याटिङ गरेको लुम्बिनीले १८.३ ओभरमा अलआउट हुनुअघि १३ अतिरिक्त रनसहित जम्मा ६३ रन बनाउन सक्यो ।

लुम्बिनीका लागि अञ्जी पाठकले १३ र योजना थापाले १२ रनबाहेक अरु कुनै ब्याटरले दोहोरो आँकडा छुन सकेनन् । लुम्बिनीलाई सस्तैमा समेट्ने क्रममा गण्डकीका कुशुम गोदार र प्लेयर अफ दि म्याच बनेकी रचना चौधरीले आठ-आठ रन खर्चिएर समान तीन-तीन विकेट लिए भने रञ्जना साउँदको नाममा २ विकेट रह्यो ।

लुम्बिनीबाट पाएको ६३ रनको झिनो लक्ष्य गण्डकीले १२.४ बलमा पाँच विकेट गुमाउँदै पुरा गऱ्यो ।

पहिलो खेलमा बागमतीलाई सात विकेटले हराउँदै २ अंक जोडेको गण्डकीका लागि अंक तालिकामा दोहोरो अंक दिलाउने क्रममा ज्योत्सिनीका मरासिनी र दीपिका सापकोटाले समान १६ रनको योगदान दिए । लुम्बिनीका लागि आशना चौधरी र आयुषा भुषालले समान दुई-दुई र विमिता मगरले १ विकेट नाममा लेखाए ।

सुर्खेत...

विरोध चर्कियो । नागरिक उड्डयन प्राधिकरणको अध्ययनले विमानस्थल विस्तारका लागि झन्डै नौ अर्ब ४० करोड रुपैयाँ आवश्यक पर्ने देखाएको थियो त्यति ठूलो लागत, हजारौँ नागरिकको सम्भावित विस्थापन र सामाजिक प्रभावलाई मध्यनजर गर्दा योजना कार्यान्वयन सहज देखिँदैन यही कारण कतिपयले विस्तारभन्दा नयाँ विमानस्थल निर्माणको विकल्पलाई बढी व्यवहारिक मान्दै आएका छन् । यसै बीचमा सुर्खेतकै भेरीगंगामा नयाँ विमानस्थल निर्माण गर्ने प्रस्ताव पनि अघि आयो । तर सरकार परिवर्तनसँगै त्यो योजना ओझेलमा पऱ्यो र पुनः पुरानै विस्तारको बहस फर्कियो । यसले विकास योजनाहरू राजनीतिक नेतृत्वको परिवर्तनसँगै कसरी दिशा बदल्छन् भन्ने स्पष्ट देखाउँछ । दीर्घकालीन पूर्वाधार योजनामा आवश्यक निरन्तरता र स्पष्टता नहुँदा नागरिकले सास्ती भोग्नुपरेको छ ।

कर्णालीको विकासका लागि आधुनिक हवाई पूर्वाधार आवश्यक छ भन्नेमा दुई मत छैन । कर्णालीमा दुर्गम भूगोलका कारण हवाई सेवा कर्णालीको आवश्यकता हो, विलासिता होइन । तर विकासका नाममा स्थानीय नागरिकको अधिकार, सम्पत्ति र मनोवैज्ञानिक अवस्थालाई बेवास्ता गर्न सकिँदैन । सरकारले अब सुर्खेत विमानस्थल विस्तार गर्ने कि नयाँ विमानस्थल निर्माण गर्ने भन्ने विषयमा स्पष्ट निर्णय लिनुपर्छ ।

वर्षेनि बजेटमा योजना दोहोऱ्याएर राजनीतिक लोकप्रियता कमाउने प्रयास अब पर्याप्त भइसकेको छ । नागरिकलाई चाहिएको कुरा आश्वासन होइन, निर्णय हो । सुर्खेत विमानस्थल विस्तारको विषय अब नारामा सीमित रहने कि व्यवहारमा कार्यान्वयन हुने भन्ने प्रश्नको जवाफ राज्यले दिनैपर्छ । अन्यथा विकासको यो बहस कर्णालीका नागरिकका लागि अवसरभन्दा बढी अन्योल र पीडाको कारण बनिरहनेछ ।

युवा उद्यमशीलतामा डेढ करोड लगानी



काँक्रेविहार संवाददाता
जुम्ला, २३ जेठ

जुम्लाको सिञ्जा क्षेत्रका दुई स्थानीय तहमा बालिका सशक्तीकरण, युवा उद्यमशीलता विकास तथा सामाजिक सुधारका कार्यक्रममार्फत डेढ करोड रुपैयाँभन्दा बढी लगानी गरिएको छ।

प्लान इन्टरनेशनल नेपालको आर्थिक सहयोगमा पेस नेपालद्वारा सञ्चालित 'सशक्त बालिका परियोजना' अन्तर्गत सिञ्जा गाउँपालिका र हिमा गाउँपालिकामा विगत तीन वर्षको अवधिमा कुल एक करोड ४६ लाख रुपैयाँभन्दा बढी बजेट खर्च गरिएको हो। परियोजनाले बालिका सशक्तीकरण, बालविवाह न्यूनीकरण, युवा स्वरोजगार प्रवर्द्धन, शैक्षिक सुधार तथा समुदायस्तरीय सचेतना अभिवृद्धिका क्षेत्रमा काम गरेको जनाएको छ।

परियोजनाको सामाजिक लेखापरीक्षण कार्यक्रममा सहभागी स्थानीय जनप्रतिनिधिहरूले परियोजनाले सामाजिक रूपान्तरण, आयआर्जन वृद्धि र युवा उद्यमशीलताको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको बताएका छन्।

उनीहरूले बालिका, महिला समूह, अभिभावक तथा युवामाझ चेतनास्तर वृद्धि गर्न परियोजनाले प्रभावकारी भूमिका खेलेको उल्लेख गरेका छन्।

पेस नेपाल जुम्लाका कार्यकारी निर्देशक किशोर न्यौपानेका अनुसार परियोजनाले सिञ्जामा बालविवाह न्यूनीकरण, शैक्षिक सुधार, समुदायस्तरीय सचेतना तथा स्वरोजगार प्रवर्द्धनका क्षेत्रमा काम गरेको छ। त्यस्तै हिमा गाउँपालिकामा बालविवाहमुक्त अभियान, युवा उद्यमशीलता विकास तथा विद्यालयहरूमा विज्ञान प्रयोगशाला स्थापना गर्न विशेष सहयोग पुगेको उनले बताए। परियोजना संयोजक अशोक चौधरीका अनुसार सिञ्जा गाउँपालिकामा ८३ लाख ५२ हजार रुपैयाँ र हिमा गाउँपालिकामा ६२ लाख ५६ हजार तिन सय २२ रुपैयाँ खर्च गरिएको छ।

रियोजनाको प्रभावस्वरूप हिमा गाउँपालिका जुम्लाकै पहिलो बालविवाहमुक्त पालिका घोषणा भएको छ भने सिञ्जा गाउँपालिकाका छ वडामध्ये चार वटा वडा बालविवाहमुक्त घोषणा भइसकेका छन्। परियोजनाले युवालाई सीपमूलक तालिममार्फत स्वरोजगार र उद्यमशीलतातर्फ आकर्षित गर्न सहयोग पुऱ्याएको जनाइएको छ। साथै विद्यालयस्तरमा अध्ययन वातावरण सुधार, पढाइ कुनाको स्थापना तथा विज्ञान प्रयोगशालाको विकासमा समेत लगानी गरिएको छ। सिञ्जा गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धितालले परियोजनाले बालविवाह न्यूनीकरण, बालिका सशक्तीकरण तथा अभिभावक सचेतनामा सकारात्मक प्रभाव पारेको बताए।

उनले परियोजनाबाट प्राप्त असल अभ्यासलाई स्थानीय सरकारका नीति तथा कार्यक्रममार्फत निरन्तरता दिइने प्रतिबद्धता व्यक्त गरे।

"परियोजनाले तीन वर्षमा उल्लेखनीय काम गरेको छ। परियोजना सम्पन्न भए पनि यसका सफल अभ्यासहरूलाई स्थानीय सरकारले निरन्तरता दिनेछ," अध्यक्ष धितालले भने, "शिक्षा, बालअधिकार र सामाजिक सुधारका क्षेत्रमा भएका उपलब्धिलाई संस्थागत गरिनेछ।"

हिमा गाउँपालिकामा सम्पन्न सामाजिक लेखापरीक्षण कार्यक्रममा परियोजनाद्वारा सञ्चालित गतिविधिहरूको समीक्षा गरिएको थियो।कार्यक्रममा परियोजना अधिकृत अशोक चौधरीले बालिका सशक्तीकरण, स्वरोजगार सिर्जना तथा सामाजिक चेतना अभिवृद्धिमा परियोजनाले सकारात्मक उपलब्धि हासिल गरेको जानकारी दिए।

उनले बालविवाह न्यूनीकरण, शिक्षा, स्वास्थ्य, सरसफाइ तथा विज्ञान प्रयोगशाला सञ्चालनका कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिन सुझाव दिए। कार्यक्रममा सहभागी वक्ताहरूले परियोजनाले समुदायमा सकारात्मक परिवर्तन ल्याएको धारणा राख्दै विशेषगरी बालविवाह न्यूनीकरण, शैक्षिक सुधार र सचेतना अभिवृद्धिमा महत्वपूर्ण उपलब्धि हासिल भएको बताएका थिए।

हिमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जालन्धर धुसालले परियोजनाहरूले संख्यात्मक उपलब्धिभन्दा परिणाममुखी उपलब्धिमा जोड दिनुपर्ने बताए। उनले बालविवाहमुक्त पालिका घोषणालाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न अझै प्रयास आवश्यक रहेको उल्लेख गर्दै आगामी नीति तथा कार्यक्रममा परियोजनाबाट उठाइएका महत्वपूर्ण विषय समेटिने जानकारी दिए।

कार्यक्रमको समापन गर्दै हिमा गाउँपालिकाकी कार्यवाहक अध्यक्ष सुर्पना शाहीले सामाजिक समस्या समाधानका लागि स्थानीय सरकार, समुदाय र विकास साझेदार संस्थाबीच सहकार्य अपरिहार्य रहेको बताइन्।

हिमा र सिञ्जा गाउँपालिकामा तीन वर्षदेखि सञ्चालन हुँदै आएको 'सशक्त बालिका परियोजना' यस वर्ष सम्पन्न हुँदैछ। परियोजनाबाट हासिल भएका उपलब्धिलाई स्थानीय तहले संस्थागत गर्दै आगामी कार्यक्रममार्फत निरन्तरता दिने प्रतिबद्धता जनाएका छन्।

विद्यार्थीको सक्रियतामा १८ क्विन्टल फोहोर संकलन



काँक्रेविहार संवाददाता
सुर्खेत, २३ जेठ

"समृद्ध भविष्यको आधार, जलवायु एवं प्रकृतिमैत्री विकास" भन्ने नाराका साथ विश्व वातावरण दिवसको अवसरमा वीरेन्द्रनगर नगरपालिकाले प्लास्टिक कैद प्रतियोगिता तथा फोहोर सेग्रिगेशन कार्यशाला सम्पन्न गरेको छ।

वीरेन्द्रनगर नगरपालिका, सुर्खेतको आयोजनामा तथा वीरेन्द्रनगर जुनियर जेसीसको समन्वयमा शुक्रबार आयोजित कार्यक्रममा विभिन्न विद्यालयका विद्यार्थीहरूको सक्रिय सहभागिता रहेको थियो। प्लास्टिक कैद प्रतियोगितामा सुर्खेत होराइजन एकेडेमी प्रथम, ग्रिनल्याण्ड एकेडेमी द्वितीय तथा सुर्योदय बोर्डिंग स्कुल तृतीय भएका छन्।

कार्यक्रमका क्रममा विभिन्न स्थानबाट १८ क्विन्टल फोहोर संकलन गरिएको आयोजकले जनाएको छ। वीरेन्द्रनगर नगरपालिकाकी नगरप्रमुख मोहनमाया ढकालको प्रमुख आतिथ्यता तथा वीरेन्द्रनगर जुनियर जेसीस २०२६ का अध्यक्ष रोशन न्यौपानेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नगर उपप्रमुख निलकण्ठ खनाल, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद बास्कोटा, विभिन्न वडाका अध्यक्षहरू, विषयगत शाखाका प्रमुख, वातावरण अभियन्ता तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख ढकालले वीरेन्द्रनगरलाई वातावरणमैत्री सहरका रूपमा विकास गर्ने अभियानलाई निरन्तरता दिइएको बताइन्।

उनले वातावरणमैत्री वडा घोषणा गर्ने कार्यहरू अघि बढिरहेको र हरित सहरको परिकल्पनाअनुसार सडक आसपासमा वृक्षारोपण कार्यलाई निरन्तरता दिँदै आएको जानकारी दिइन्।

वातावरण संरक्षण, फोहोर व्यवस्थापन तथा प्लाष्टिकजन्य प्रदूषण न्यूनीकरणबारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको नगरपालिकाको वातावरण तथा विपद् शाखाले जनाएको छ।

गर्मीले विद्यालयमा पठनपाठन प्रभावित

काँक्रेविहार संवाददाता
नेपालगञ्ज, २३ जेठ

देशकै अत्यधिक गर्मी हुने जिल्लामध्ये एक बाँकेमा अझै पनि धेरै सामुदायिक विद्यालयका कक्षाकोठा टिनको छानामुनि सञ्चालन भइरहेका छन्। अत्यधिक तापक्रमका कारण विद्यार्थीहरू उकुसमुकुस हुँदै कठिन परिस्थितिमा अध्ययन गर्न बाध्य भएका छन्। डुडुवा गाउँपालिका चार स्थित श्री माध्यमिक विद्यालय शाहपुरवाका सहायक प्रधानाध्यापक टीका खड्काका अनुसार गर्मीको समयमा टिनको छाना अत्यधिक तातिने भएकाले पठनपाठनमा गम्भीर असर परेको छ। उनका अनुसार विद्युत् आपूर्ति बारम्बार अवरुद्ध हुने, पत्र ाको अभाव तथा अत्यधिक तापका कारण विद्यार्थीको स्वास्थ्य र अध्ययन दुवै प्रभावित भइरहेको छ ।नेपालगन्ज उपमहानगरपालिका-२० राँझास्थित आदर्श माध्यमिक विद्यालयकी शिक्षिका हीरा गौतमले टिनको छानामुनि बस्दा विद्यार्थीहरूलाई बारम्बार पानी खानुपर्ने, टाउको दुख्ने तथा थकान हुने समस्या देखिने गरेको बताए। उनले अत्यधिक गर्मी हुने क्षेत्रका विद्यालयहरूलाई टिनको छानामुक्त बनाउन आवश्यक रहेको बताए। त्यसैगरी, नेपालगन्ज १० स्थित शारदा आधारभूत विद्यालयकी शिक्षिका अल्का वर्णवालले अझै पनि धेरै विद्यालयमा प्राथमिक तहका बालबालिकालाई टिनको छानामुनि राखेर पढाउनुपर्ने बाध्यता रहेको गुनासो गरे।

तापक्रम घटाउने उद्देश्यले केही विद्यालयमा स्थानीय तहले टिनको छानामुनि जिप्सन बोर्ड जडान गरे पनि नेपालगन्जको अत्यधिक गर्मीमा त्यो पर्याप्त प्रभावकारी नभएको शारदा आधार भूत विद्यालयका शिक्षक धर्मराज जोशीले बताए। नेपालगन्ज उपमहानगरपालिकाका शिक्षा तथा खेलकुद महाशाखा प्रमुख गोर्खबहादुर थापाले नयाँ निर्माण हुने विद्यालय भवनमा टिनको छाना नराख्ने नीति अपनाइएको र पुराना विद्यालयहरूलाई क्रमशः टिनमुक्त बनाउने योजना रहेको जानकारी दिए।

विपन्न तथा जेहेन्दार विद्यार्थीलाई झोला वितरण

काँक्रेविहार संवाददाता
सल्यान, २३ जेठ

दार्मा गाउँपालिका चार रातामाटा स्थित नव सर्वसाधारण माध्यमिक विद्यालयमा अध्ययनरत ७५ जना आर्थिक रूपमा विपन्न तथा जेहेन्दार विद्यार्थीलाई झोला वितरण गरिएको छ। स्वर्गीय योमन चन्दको स्मृतिमा स्थापित योमन चन्द फाउन्डेसनको आयोजनामा विद्यालय परिसरमा आयोजित कार्यक्रममा विद्यार्थीलाई शैक्षिक सामग्रीस्वरूप झोला वितरण गरिएको हो।

कार्यक्रममा दार्मा गाउँपालिका चारका वडाध्यक्ष चन्द्रबहादुर रावत प्रमुख अतिथि तथा फाउन्डेसनका सञ्चालक शेरबहादुर चन्द विशेष अतिथिका रूपमा सहभागी थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै वडाध्यक्ष रावतले शिक्षा समाज रूपान्तरणको मुख्य आधार भएको उल्लेख गर्दै आर्थिक रूपमा कमजोर तर प्रतिभाशाली विद्यार्थीलाई लक्षित यस्ता सहयोगमूलक कार्यक्रमले उनीहरूको शैक्षिक यात्रामा सकारात्मक प्रभाव पार्ने बताए।

उनले फाउन्डेसनको पहल प्रशंसनीय रहेको उल्लेख गर्दै आगामी दिनमा पनि शिक्षा क्षेत्रको विकास तथा विपन्न विद्यार्थीको हितका लागि



आवश्यक सहयोग र सहकार्य जारी रहने प्रतिबद्धता व्यक्त गरे।

विशेष अतिथि चन्दले फाउन्डेसनले शिक्षा, सामाजिक सेवा तथा मानवीय सहयोगका क्षेत्रमा निरन्तर काम गर्ने जानकारी दिए। उनले सानो सहयोगले पनि विद्यार्थीको भविष्य निर्माणमा महत्वपूर्ण प्रेरणा दिन सक्ने बताए।

विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, स्थानीय जनप्रतिनिधि तथा विद्यार्थीहरूको उल्लेखनीय सहभागिता रहेको कार्यक्रममा विद्यालय परिवारले फाउन्डेसनप्रति आभार व्यक्त गर्दै यस्ता सहयोगले आर्थिक अभावका कारण अध्ययनमा कठिनाइ भोगिरहेका विद्यार्थीलाई थप उत्साह मिल्ने विश्वास व्यक्त गरेको छ।

दार्मा गाउँपालिक चार निवासी २६ वर्षीय योमन चन्दको गत कार्तिक २५ गते असामयिक निधन भएको थियो।

उनको स्मृति, मूल्य र शिक्षा प्रतिको लगावलाई निरन्तरता दिने उद्देश्यले परिवार तथा आफन्तजनको पहलमा स्थापना गरिएको फाउन्डेसन मार्फत आर्थिक रूपमा विपन्न तर अध्ययनप्रति इच्छाशक्ति र क्षमता भएका विद्यार्थीलाई आगामी दिनमा शैक्षिक छात्रवृत्ति समेत प्रदान गरिने जनाइएको छ।

फाउन्डेसनका तर्फबाट प्रतिक्रिया दिँदै स्वर्गीय योमन चन्दका दाजु कुशल चन्दले भाइको शिक्षा प्रतिको सपना र प्रतिबद्धतालाई समुदायको हितमा रूपान्तरण गर्ने उद्देश्यले फाउन्डेसन स्थापना गरिएको बताए।

उनले शिक्षामार्फत योमन चन्दको स्मृतिलाई दीर्घकालसम्म जीवन्त राख्ने लक्ष्यका साथ आफूहरू अघि बढिरहेको जानकारी दिए।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

उत्कृष्ट शिक्षकलाई नगदसहित सम्मान

काँक्रेविहार संवाददाता
हुम्ला, २३ जेठ



कर्णाली प्रदेश सरकारले शिक्षा क्षेत्रमा उत्कृष्ट कार्यसम्पादन गर्दै गुणस्तरीय शिक्षाको प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याएका डोल्पाका तीन जना शिक्षकलाई नगद पुरस्कारसहित सम्मान गरेको छ । शिक्षण पेशामा समर्पित भई विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि, विद्यालय सुधार तथा शैक्षिक गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गरेको मूल्यांकनका आधारमा उनीहरूलाई सम्मान गरिएको हो ।

सामाजिक विकास मन्त्रालय अन्तर्गतको शिक्षा विकास निर्देशनालय, सुर्खेतले आर्थिक वर्ष २०८२/८३ को स्वीकृत कार्यक्रमअनुसार कर्णाली प्रदेशका विभिन्न जिल्लाबाट उत्कृष्ट कार्य गर्ने शिक्षकहरूको छनोट गरेको थियो । सोही क्रममा डोल्पाबाट तीन जना शिक्षक उत्कृष्ट घोषित भई सम्मानित भएका हुन् ।

सम्मानित हुने शिक्षकहरूमा जगदुल्ला गाउँपालिका दुई स्थित त्रिपुरा साधारण तथा प्राविधिक माध्यमिक विद्यालय, काइगाउँका प्रधानाध्यापक जयबहादुर बस्नेत, मुड्केचुला गाउँपालिका छ नर्कुस्थित मालिका माध्यमिक विद्यालयका निम्न माध्यमिक तहका शिक्षक दामोदर ज्ञवाली तथा त्रिपुरासुन्दरी नगरपालिका-१० लिकुस्थित जनप्रभा साधारण तथा प्राविधिक माध्यमिक विद्यालयकी द्वितीय शिक्षिका बुद्धा पहाडी रहेका छन् ।

शिक्षा विकास निर्देशनालयले उत्कृष्ट घोषित तीनै शिक्षकलाई जनही ३५ हजार रुपैयाँ नगद पुरस्कार र प्रशंसापत्र प्रदान गरी सम्मान गरेको जनाएको छ ।

निर्देशनालयका अनुसार शिक्षण पेशामा समर्पण, विद्यालय व्यवस्थापनमा योगदान, विद्यार्थीको शैक्षिक उपलब्धि सुधार तथा समुदायसँगको सहकार्यका आधारमा शिक्षकहरूको मूल्यांकन गरिएको थियो ।

सम्मानित शिक्षकहरूले प्रदेश सरकारबाट प्राप्त सम्मानले आफ्नो कार्यप्रति थप जिम्मेवारी र उत्साह थपिएको बताएका छन् ।

उनीहरूले शिक्षण पेशा केवल जागिर नभई समाज निर्माणको महत्वपूर्ण दायित्व भएको उल्लेख गर्दै आगामी दिनमा अझ मेहनतका साथ विद्यार्थीको भविष्य निर्माणमा योगदान पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

तीन तहबीच समन्वय गरी कानुन निर्माण गर्न सभामुख अर्यालको जोड

काँक्रेविहार संवाददाता
धनगढी, २३ जेठ



सभामुख डोलप्रसाद अर्यालले संघीयता प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य अनिवार्य रहेको बताए ।

अन्तर व्यवस्थापिका मञ्चद्वारा टीकापुरमा आयोजित अन्तर व्यवस्थापिका सम्मेलनलाई सम्बोधन गर्दै उनले तीन तहका सरकारबीच नबाझिने गरी कानुन निर्माण गर्नुपर्नेमा जोड दिए ।

"तीनवटै तहका सरकारले बनाउने कानुन नबाझिने गरी काम गर्न म प्रतिबद्ध छु," सभामुख अर्यालले भन्नुभयो, "समन्वय र सहकार्यले मात्र जनताका अपेक्षा बुझेर प्रभावकारी रूपमा काम गर्न सकिन्छ ।"

उनले कानुन निर्माण गर्दा लक्षित वर्गलाई केन्द्रमा राख्नुपर्ने आवश्यकता औंल्याउँदै कार्यान्वयन गर्ने पक्षले नै कानुनबारे पछि मात्र जानकारी पाउँदा समस्या देखिएको बताए । लक्षित समूहसँग परामर्श र सहकार्य गरेर मात्र प्रभावकारी कानुन निर्माण सम्भव हुने उनको भनाई थियो ।

सभामुख अर्यालले संघीयता मार्फत सिंहदरबारको अधिकार गाउँ-गाउँसम्म पुऱ्याउने लक्ष्य भए पनि व्यवहारमा अझै पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको उल्लेख गरे । "जनतालाई दिनुपर्ने अधिकार अझै पूर्ण रूपमा स्थानीय तहसम्म पुग्न सकेको छैन," उनले भने । यसैगरी, राष्ट्रिय सभा अध्यक्ष नारायण प्रसाद दाहाल संघीय सरकार र प्रदेश तथा स्थानीय तहबीच अपेक्षित समन्वय अभाव रहेको भन्दै त्यसलाई सुधार गर्न संघीय संसद्ले अग्रसरता लिनुपर्ने बताए ।

उनले संघले आवश्यक कानुन समयमै निर्माण नगर्दा प्रदेश र स्थानीय तहलाई कार्यान्वयनमा समस्या भइरहेको स्वीकार गरे । संवैधानिक अधिकार अनुसार तीनै तहलाई सहज रूपमा काम गर्ने वातावरण बनाउनुपर्ने उहाँको भनाइ थियो ।

"कानुन निर्माणमा ढिलाइ हुँदा प्रदेश र स्थानीय तह प्रभावित भएका छन्," अध्यक्ष दाहाले भने "जनताको भावनालाई आत्मसात् गर्दै कानुन निर्माणलाई तीव्र बनाउन आवश्यक छ ।" उनले जनप्रतिनिधिहरूलाई जनताको अपेक्षा अनुसार परिणाममुखी कानुन निर्माणमा ध्यान दिन आग्रह गरे ।

सम्मेलनमा संघीय संसद्का दुवै सदनका साथै सातै प्रदेशसभाका सभामुखहरूको सहभागिता रहेको छ । सम्मेलन भोलि सम्पन्न हुने आयोजकले जनाएको छ ।

दक्षिण सुडानमा द्वन्द्व चर्किँदा तीन लाखभन्दा बढी विस्थापित

काँक्रेविहार संवाददाता
काठमाडौं, २३ जेठ

दक्षिण सुडानको पूर्वी जोङ्लेई राज्यमा जारी द्वन्द्व र असुरक्षाका कारण तीन लाखभन्दा बढी मानिस विस्थापित भएका छन् । संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्तको कार्यालय (यूएनएचसीआर) ले उक्त क्षेत्रमा गम्भीर मानवीय तथा सुरक्षा संकट उत्पन्न भएको चेतावनी दिएको छ ।

यूएनएचसीआरका अनुसार जोङ्लेई राज्यको अकोबो काउन्टीबाट मात्रै करिब एक लाख ४० हजार मानिस घरबार छाड्न बाध्य भएका छन् । सन् २०२५ को डिसेम्बरयता जोङ्लेई तथा छिमेकी राज्यहरूबाट तीन लाखभन्दा बढी नागरिक विस्थापित भएका छन् ।

सुरक्षाको खोजीमा करिब एक लाख मानिस छिमेकी इथियोपिया पुगेका छन् । प्रभावित क्षेत्रमा जनसङ्ख्याको निरन्तर आवागमन भइरहेकाले मानवीय अवस्था थप जटिल बन्दै गएको यूएनएचसीआरले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी निकायले अकोबो तथा आसपासका क्षेत्रमा आश्रय लिइरहेका परिवारहरू आगामी दिनमा अझ बढी जोखिममा पर्न सक्ने जनाएको छ । भारी वर्षा सुरु भएसँगै प्रभावित समुदाय बाह्य सहयोगबाट थप टाढिने, सङ्क्रामक रोगको जोखिम बढ्ने तथा राहत वितरण कार्यमा कठिनाइ उत्पन्न हुने चेतावनी दिइएको छ । सन् २०११ मा स्वतन्त्र राष्ट्र बनेयता दक्षिण सुडानले पटक-पटक सशस्त्र द्वन्द्व, व्यापक विस्थापन र जलवायुजन्य विपद्को सामना गर्दै आएको छ । हाल करिब २४ लाख दक्षिण सुडानी शरणार्थी छिमेकी मुलुकहरूमा बसोबास गरिरहेका छन् भने झन्डै २० लाख मानिस आफ्नै देशभित्र विस्थापित अवस्थामा रहेका छन् । यसैबीच, सन् २०२३ को अप्रिलदेखि सुडान मा जारी युद्धका कारण दक्षिण सुडानले १३ लाखभन्दा बढी मानिसलाई आश्रय दिएको छ । तीमध्ये स्वदेश फर्किएका नागरिक, शरणार्थी तथा आश्रय खोज्ने व्यक्तिहरू रहेका छन् । मानवीय निकायहरूले द्वन्द्व प्रभावित क्षेत्रमा तत्काल राहत, सुरक्षा र आधारभूत सहायता कार्यक्रम विस्तार गर्न अन्तर्राष्ट्रिय समुदायसँग आग्रह गरेका छन् ।

जिल्ला कृषि विकास कार्यालय, दैलेखको अनुरोध

- कृषि उत्पादन वृद्धि, खाद्य सुरक्षा तथा किसानको आयआर्जन अभिवृद्धिका लागि आधुनिक, व्यावसायिक र प्रविधिमैत्री खेती प्रणाली अपनाऔँ । समयमै बाली लगाउने, गुणस्तरीय बीउबिजन प्रयोग गर्ने, माटो परीक्षण गराउने तथा रोग-कीरा नियन्त्रणका लागि प्राविधिकको सल्लाह लिनुहोस् ।
- कृषि सम्बन्धी तालिम, अनुदान, प्राविधिक सेवा तथा विभिन्न कार्यक्रमबारे जानकारीका लागि नजिकको कृषि कार्यालय वा कृषि प्राविधिकसँग सम्पर्क गर्नुहोस् ।
- समृद्ध किसान, समृद्ध दैलेख – कृषि विकासमा सबैको सहभागिता आवश्यक छ ।

जिल्ला कृषि विकास कार्यालय
दैलेख



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)